# कोभिड-१९ र स्वास्थ्य केन्द्रित मिडिया मोनिटरिङ, नेपाल



World Health Organization
Nepal

HEALTH EMERGENCIES programme

# कोभिड-१९ र स्वास्थ्य केन्द्रित मिडिया मोनिटरिङ, नेपाल[१]

मिति: ६ चैत २०७९

| उदीयमान विषयवस्तु(हरू) |
| --- |
| • विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले नेपालमा स्वास्थ्यकर्मीको चरम अभाव रहेको जनाएको छ। |

[१] यो सञ्चार बौद्धिकता प्रतिनिधि नमूना चयनमार्फत राष्ट्रिय छापा र अनलाइन मिडियाहरुको अनुगमनमार्फत पहिचान गरिन्छ ।

# उदीयमान विषयवस्तु(हरू)

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक अनुसार नेपालमा सरकारी र निजी अस्पतालमा गरी हालसम्म २ हजार १८० जनाको प्रत्यारोपण भएको छ। विज्ञका अनुसार नेपालमा वार्षिक तीन हजार मिर्गौला बिरामी थपिन्छन्। हाल ३५ हजार हाराहारी मिर्गौला रोगी रहेको सरकारी अनुमान छ। जसमध्ये ६ हजार ५३४ जना हेमोडायलासिस र २२६ जना पेरिटोनियल डायलासिसको भरमा जीवन लम्ब्याइरहेका छन्। यो संख्या उपचारका लागि अस्पताल आउनेको मात्रै हो। कतिपय बिरामी स्वास्थ्य उपचारमा पहुँच नपुग्दा र रोगसम्बन्धी चेतना अभावमा रोग पालेर बस्न र अस्पताल नै नदेखी मृत्युवरण गर्नसमेत बाध्य छन्। स्वास्थ्य सेवा विभागको तथ्यांक अनुसार हालसम्म १५ अस्पतालले मिर्गौला प्रत्यारोपणका लागि अनुमति पाएका छन्। सरकारी कार्यक्रम भित्र शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, त्रिवि शिक्षण अस्पताल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) र विराटनगरको नोबेल मेडिकल कलेज समावेश भएका छन्। १

निजी अस्पतालहरुले अझै पनि नर्सहरुलाई न्युन तलब सुविधामा काममा खटाइरहेको नर्सिङ क्षेत्रका सरोकारवाला व्यक्तिहरुले अरोप लगाएका छन्।निजी अस्पतालहरुले नर्सहरुलाई श्रम ऐनले व्यवस्था गरेको न्युनतम पारिश्रमिक भन्दापनि कम तलबमा काममा खटाइरहेको बताएका हुन्।नेपाल विद्यार्थी संघ (नेविसंघ) महाराजगञ्ज नर्सिङ क्याम्पसले नर्सिङ क्षेत्रको अवस्था र मुद्धाहरुको विषयमा नर्सिङ क्षेत्रका विज्ञ तथा प्रोफेसरहरुसँग गरेको छलफलमा उनीहरुले यस्तो बताएका हुन्।नेपाल नर्सिङ काउन्सिलकी उपाध्यक्ष शारदा अर्यालले केही निजी अस्पतालले नर्सको बैंक खातामा २० हजार तलब हालिदिएर ११ हजार रकम फिर्ता लिने गरेको सुनाइन्।३

महिनावारी सरसफाइ व्यवस्थापन-महिनावारी प्रक्रियाको स्वच्छता र मर्यादाका साथ व्यवस्थापन-महिलाहरूको स्वास्थ्य र शिक्षाको लागि महत्वपूर्ण छ, तर पनि यसलाई बेवास्ता गरिन्छ। यस प्रगतिको बाबजुद पनि छाउपडीका डरलाग्दो प्रचलनहरू छन्। विशेष गरी नेपालको मध्य र सुदूरपश्चिममा - एक पुरानो चलन जसमा महिला र युवतीहरूलाई उनीहरूको महिनावारी हुँदा एकान्त झुपडी वा गोठमा लगाइन्छ, उनीहरूलाई ज्यान जोखिममा पार्ने जोखिममा पर्दा। चौपडीका अन्य कम चरम रूपहरू शिक्षित घरपरिवार र सहरी क्षेत्रहरूमा पनि पाइन्छ जसले महिलाको सशक्तिकरण र सामाजिक कथा र सांस्कृतिक जीवनमा पूर्ण सहभागितामा बाधा पुऱ्याउँछ। छाउपडीलाई सन् २००५ मा प्रतिबन्ध लगाइएको थियो भने महिनावारीमा आधारित भेदभाव र बहिष्कारलाई सन् २०१८ मा अपराधको संज्ञा दिइएको थियो।४

नेपालमा गर्भपतनलाई अनैतिक र धार्मिक र सामाजिक मूल्यमान्यताको विरुद्धमा जाने गरी हेर्दा सदैव एउटा चासोको विषय बनेको छ। यो २००२ सम्म थिएन। २०६३ मा पहिलो पटक गर्भपतनलाई कानुनी मान्यता दिएको थियो। तर निर्धारित सर्तभन्दा बाहिर गर्भपतन गराएकोमा महिलाले जेलमा बस्नुपरेको छ। २०१८ को ऐनले महिलाहरूलाई उनीहरूको प्रजनन स्वास्थ्य अधिकारहरू पूर्ण रूपमा उपभोग गर्न सक्षम बनाउने अपेक्षा गरिएको थियो, तथापि, यसले गर्भपतनमा कडा सर्तहरू राखेर गर्भपतनलाई अपराधरहित बनाउन असफल भयो। सरकारले यो काम असल नियतले गरेको हुनसक्छ, तर गर्भपतन गराउने महिलामध्ये ५८ प्रतिशतले सरकारले प्रमाणित गरेको बाहेक अन्य सुविधामा असुरक्षित गर्भपतनको उच्च जोखिममा पर्ने गरेको पाइएको छ।४

सरकारले १५ वर्षमुनिका प्रत्येक बालबालिकालाई मुटुको निःशुल्क उपचार गराउँदै आएको छ। यसबारे जानकारी नहुँदा आर्थिक अवस्था कमजोर रहेका धेरैले आफ्ना बालबालिकालाई उपचारका लागि अस्पताल लैजाने गरेका छैनन्। लगे पनि निकै ढिलो मात्र पुऱ्याउने गरेका छन्। समयमै अस्पताल नपुऱ्याइँदा धेरै बालबालिकाको स्वास्थ्यमा गम्भीर समस्या आउने गरेको छ। कतिपयको ज्यानै जाने गरेको पाइएको छ। सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा मात्रै प्रत्येक वर्ष ६ देखि आठ हजार मुटुको समस्या भएका बालबालिका उपचारका लागि आउने गरेका छन्। अधिकांश देशका भिन्नभिन्न अस्पतालबाट रिफर भएका हुन्। ओपिडीमा आउने बिरामीसँगै

अन्य अस्पतालबाट रिफरल र इमर्जेन्सीमा गरी सन् २०२२ मा सात हजार दुई सय ४८ बालबालिका उपचारका लागि आएको अस्पतालको तथ्यांक छ। इकोकार्डियोग्राफीका लागि अस्पताल पुगेका बालबालिकामध्ये एक दिनको नवजात शिशुसमेत छन ।६

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले नेपालमा स्वास्थ्यकर्मीको चरम अभाव रहेको जनाएको छ। हालै प्रकाशित 'डब्लुएचओ हेल्थ वर्कफोर्स सपोर्ट एन्ड सेफगार्ड्स लिस्ट २०२३' प्रतिवेदनमा स्वास्थ्यकर्मीको अभावका कारण सन् २०३० सम्ममा स्वास्थ्य लक्ष्य हासिल गर्ने उद्देश्य पूरा नहुने उल्लेख छ। प्रति १० हजार जनसंख्यामा ४९ जना स्वास्थ्यकर्मी (डाक्टर, नर्स र मिडवाइफ) आवश्यक रहे पनि जनसंख्याको आधारमा नेपालमा स्वास्थ्यकर्मीको नरहेको डब्लुएचओले जनाएको छ। कोरोना महामारीमा विश्वव्यापी स्वास्थ्य सेवा अध्ययन गरिरहेको डब्लुएचओले नेपालमा स्वास्थ्यकर्मी अभाव रहेको जनाएको हो। महामारी सुरु भएपछि विकसित देशहरूले स्वास्थ्यकर्मी पूर्तिको प्रयासलाई तीव्र बनाइरहेको र पहिलेदेखि स्वास्थ्यर्मीको अभाव रहेका देशबाट राम्रो आम्दानीका लागि विकसित देशमा पलायन भइरहेको रिपोर्टले देखाएको छ। मेडिकल काउन्सिलको तथ्यांकअनुसार हाल नेपालमा १० हजार ८० जना विशेषज्ञ चिकित्सक, ३२ हजार दुई सय १८ एमबिबिएस र बिडिएस गरी ४२ हजार दुई सय ९८ चिकित्सक रजिस्टर छन्। एक हजार तीन सय २६ विशेषज्ञ नर्स, ७३ हजार पाँच सय १४ नर्स, ५१ जना मिडवाइफ, ३७ हजार एक सय ४० अनमी, आठ सय ४८ विदेशी नर्स रहेको नर्सिङ काउन्सिलको तथ्यांक छ। नेपालमा चिकित्सक, नर्स र मिडवाइफ गरी एक लाख ५५ हजार एक सय ७७ स्वास्थ्यकर्मी भए पनि यो संख्या जनसंख्याको आधारमा निकै न्यून रहेको डब्लुएचओको भनाइ छ। अझै रजिस्टर स्वास्थ्यकर्मीहरू विदेशमा समेत रहेकाले नेपालमा कार्यरत स्वास्थ्यकर्मीको संख्या अझै कम रहेको भन्दै उसले सन् २०३० सम्ममा स्वास्थ्य लक्ष्य हासिल गर्न स्वास्थ्यकर्मीको अभाव मुख्य चुनौतीको रूपमा देखिएको जनाएको छ।६

स्थानीय स्तरमा उपचार सम्भव नहुने कर्णालीमा गर्भवती तथा सुत्केरीको हेलिकोप्टरबाट उद्धार हुन थालेपछि अकालमा ज्यान गुमाउनुपर्ने अवस्था केही हदसम्म हटेको छ। २०७६ सालबाट दुर्गमका गर्भवती तथा सुत्केरीलाई हवाई सेवाबाट निःशुल्क उद्धार गर्ने कार्य थालिएको हो। कर्णाली प्रदेशका ९ जिल्ला, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका समेत केही जिल्लाबाट नेपाली सेनाको हेलिकोप्टरमार्फत सुर्खेत बेस बनाएर उद्धार गर्ने कार्य थालिएको छ ।८

नेपालमा चिकित्सक र अस्पतालले लापरबाही गरेको भन्दै उजुरी थपिने क्रम बढेको छ। नेपाल मेडिकल काउन्सिलका अनुसार सन् २०२२ मा चिकित्सकविरुद्ध ६६ वटा उजुरी परेकोमा यो वर्ष चिकित्सकविरुद्धको उजुरी एक सय नाघ्ने अनुमान गरिएको छ। हालसम्म ६६ उजुरीमध्ये २० उजुरीको निर्णय भइसकेको छ भने बाँकी उजुरीमाथि काउन्सिलले छानबिन प्रक्रिया अघि बढाएको छ । काउन्सिलका प्रवक्ता तथा रजिस्ट्रार डा. कृष्णप्रसाद अधिकारीले निर्णय भएका २० उजुरीमध्ये पाँच उजुरी कारबाही गरिरहनु नपर्ने देखिएको जानकारी दिँदै केही उजुरीमा चिकित्सकमाथि कारबाही भएको जानकारी दिए । तीमध्ये तीनवटामा चिकित्सकलाई सचेत गराइएको छ ।९

## कोसी प्रदेश सम्बन्धित समाचार

प्रदेश सरकारबाट जिल्ला अस्पताल खोटाङका लागि आएको निःशुल्क गर्भवती जाँच कार्यक्रमको बजेट अनियमितता भएको पाइएको छ । गत साउन १ देखि लागू हुने गरी प्रदेश सरकारबाट विनियोजित १० लाख रुपैयाँ बजेट कार्यक्रम नै नगरी सकिएको खुलासा भएको हो । निःशुल्क गर्भवती जाँच कार्यक्रमका लागि प्राप्त रकममध्ये आठ लाख एक हजार दुई सय एकको गर्भवती जाँचका क्रममा प्रयोग हुने ल्याबको रि-एजेन्ट, युएसई गर्ने पेपर र जेल्ली खरिद गरेको पाइएको छ । प्रदेश सरकारको वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिकाअनुसार गर्भवतीको निःशुल्क रगत जाँच तथा भिडियो एक्स-रे सेवाका लागि जिल्ला अस्पताललाई बजेट उपलब्ध गराइएको थियो । १,९

उदयपुरको विकट क्षेत्रका अधिकांश महिलामा पाठेघर र ज्येष्ठ नागरिकमा आँखाको समस्या देखिएको छ । रौतामाई गाउँपालिका १ नम्बर वडा कार्यालय, वर्ल्ड नेवर्स, मदन भण्डारी आँखा अस्पताल र जिल्ला अस्पतालको सहयोग तथा समन्वयमा हुरेण्डेक उदयपुरले आयोजना गरेको शिविरमा यस्तो समस्या देखिएको हो । शिविरमा स्वास्थ्य परीक्षण गरेका ४०२ जनामध्ये ८० प्रतिशत महिला र जेष्ठ नागरिकमा पाठेघर खस्ने, मोतियाबिन्दु, हाडजोर्नीको समस्या देखिएको उपचारमा संलग्न प्रसुतिरोग विशेषज्ञ डा. रितेशराज कर्णले बताए ।७

## मधेस प्रदेश सम्बन्धित समाचार

सहरी तथा ग्रामीण क्षेत्रमा छाडा कुकुरको आतङ्क बढ्दै गएपछि वीरगञ्ज महानगरपालिकाले कुकुरको बन्ध्याकरण तथा रेबिज रोगविरुद्धको खोप दिन सुरु गरेको छ। हुलका हुल निस्किने छाडा कुकुरले बाटो हिँड्ने सर्वसाधारणलाई टोक्ने, बाटोमा यातायात आवागमनमा समस्या पुऱ्याउनुको साथै स्थानीयले पालेका खसीबोका मार्ने क्रम बढ्दै गएपछि महानगरपालिकाले कुकुर बन्ध्याकरण र रेबिज विरुद्धको खोप लगाउनु सुरु गरेको हो। छाडा कुकुरलाई दैनिक सङ्कलन गरी नेशनल ट्रेडिङमा बन्ध्याकरण गरिने गरिएको द जेन गुडअल इन्स्टिच्युट नेपालका प्रशासकीय अधिकृत रमेश सापकोटाले जानकारी दिए ।३

महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाको वडा नं. ६ मटिहानी स्वास्थ्य चौकीमा आइतबारदेखि ल्याब (प्रयोगशाला) सेवा सुरु भएको छ । योभन्दा अगाडि मटिहानीवासीलाई ल्याब सेवाका लागि मटिहानीको सिमरदही, प्रादेशिक अस्पताल जलेश्वर तथा भारतीय बजारहरूमा भर पर्नुपरेको थियो । नगरप्रमुख हरिप्रसाद मण्डलले त्यहाँ जनस्वास्थ्य प्रयोगशाला (ल्याब)को स्थापना गरी शुभारम्भ भएको बताउनुहुँदै अब ल्याब सेवाका लागि अन्यत्र भर पर्नु नपर्ने बताउनुभयो ।९

## बागमती प्रदेश सम्बन्धित समाचार

स्वास्थ्य कार्यालय बागलुङका अनुसार आर्थिक वर्ष २०७६/७७ मा पाँच सय ७६ जनाले गर्भपतन गराएका थिए। बीस वर्षमुनिका छ जना छन् भने त्यसभन्दा माथिका पाँच सय ७० छन्। आव २०७७/७८ मा छ सय ९८ जनाले गर्भपतन गराएका थिए। चार जना २० वर्षमुनिका छन्। आव २०७८/७९ मा छ सय ९१ जनाले गर्भपतन गराएको तथ्याङ्क छ। तीन जना २० वर्षमुनिका छन्। चालु आवको आठ महिनामा २० वर्षमुनिका एकसहित चार सय ८१ जनाले गर्भपतन गराएका छन् । अवैध सम्बन्ध राखेकाले नै बढीजसो गर्भपतन गराउने गरेको स्वास्थ्यकर्मी बताउँछन्।२

काठमाडौंको त्रिपुरेश्वरस्थित विश्व निकेतन माध्यमिक विद्यालयले डेढ वर्षदेखि आफ्नै आर्थिक स्रोतबाट छात्राहरूलाई सेनेटरी प्याड उपलब्ध गराउँदै आएको छ।कोभिडको महामारी सामान्य भएसँगै नियमित रूपमा विद्यालय सञ्चालन हुन थालेदेखि विद्यालयले मासिक रूपमा प्रति छात्रा आठवटा प्याड वितरण गरिरहेको थियो। तर आर्थिक भारको कारण विद्यालयले केही समययता प्याड किन्न नसक्ने र स्कुलमै आएपछि महिनावारी हुने छात्राहरूलाई मात्रै दिने गरेको विद्यालयका प्रधानाध्यापक हेरम्भराज कँडेलले बताए ।३

सिन्धुलीको कमलामाई नगरपालिकाले स्वास्थ्यको पहुँच नभएको स्थानीयका लागि गाउँघरमै पुगेर स्वास्थ्य जाँच गर्न थालेको छ । कमलामाई नगरपालिकाले स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका स्थानीयलाई प्रत्यक्ष सेवा दिने उद्देश्यले गाउँघरमै पुगेर स्वास्थ्य शिविर राख्न थालेको हो । नगरपालिकाले स्वास्थ्य सेवाबाट ओझेलमा रहेको सिन्धुलीको कमलामाई नगरपालिका वडा नं. १३ को मडाहामा पुगेर निःशुल्क स्वास्थ्य शिविर संचालन गरेको छ। कमलामाई नगरपालिका स्वास्थ्य शाखाको आयोजना

तथा सिन्धुली अस्पतालको प्राविधिक सहयोगमा स्थानीय नागरिकलाई घरघरमै स्वास्थ्य सेवा दिने उद्देश्यले शिविरको आयोजना गरिएको कमलामाई नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख केम थापाले जानकारी दिए।८

हेटौँडा उपमहानगर पालिकाको मुख्य बजार क्षेत्रमा लामखुट्टे नियन्त्रणका लागि कीटनाशक औषधि छर्कने अभियान सुरु भएको छ । यस वर्षको सुरुवात देखि डेङ्गु रोगको सङ्क्रमण सुरु भएपछि उपमहानगर पालिकाले यो अभियान सञ्चालन गरेको हो । हेटौँडा उपमहानगर पालिकामा गत वैशाख, जेठबाट डेङ्गु रोगको सङ्क्रमण सुरु भएकामा भदौ, असोजमा पुग्दा महामारीको रूप लिएपछि उपमहानगर पालिकाले सतर्कता अपनाउँदै वर्षापूर्व नै लामखुट्टे नियन्त्रण गर्न कीटनाशक औषधि छर्कने अभियान सुरु गरेको जानकारी दिएको छ ।९

काभ्रे पलाञ्चोकको नमोबुद्ध नगरपालिका-४ स्थित मेथिनकोट प्रादेशिक अस्पतालले हृदयाघातका बिरामीलाई निःशुल्क रूपमा टेनिक प्लेज (टीएनके) खोप लगाउने व्यवस्था गरेको छ । बागमती प्रदेश सरकारको सहयोगमा हृदयाघात भएका बिरामीले आर्थिक अभावकै कारण उपचार सेवा नपाएर ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले हृदयाघातको जोखिमबाट बचाउनका लागि प्रादेशिक अस्पतालबाट टेनिक प्लेज खोप लगाउने व्यवस्था गर्दै आएको छ । अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा.पुरुषोत्तमराज सेढाईले अस्पतालमा हृदयाघात भएर आउने बिरामीलाई निःशुल्क रूपमा टीएनके खोप, ईसीजी र प्रयोगशाला सुविधा उपलब्ध गराउँदै आएको बताउनुभयो । ९

## गण्डकी प्रदेश सम्बन्धित समाचार

नेपाल नेत्र ज्योति संघ बाग्लुङ, आँखा सेवा केन्द्र बुर्तिवाङ, बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र र ढोरपाटन नगरपालिकाको संयुक्त आयोजनामा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ।फागुन २९ गतेदेखि चैत्र १ गतेसम्म प्राथमिक स्वास्थ्य केन्द्र ढोरपाटनमा सञ्चालन गरिएको शिविरमा ६८ जनाको मोतिविन्दुको निशुल्क शल्यक्रिया गरिएको थियो भने ६ सय ६८ जनाको निःशुल्क आँखा परीक्षण गरिएको थियो। ३

निर्माण सुरु गरेको सात वर्ष बितिसक्दा पनि अलपत्र अवस्थामा छाडिएको म्याग्दीको बेनीमा निर्माणाधीन बेनी अस्पतालको भवन पछिल्लो समय हेर्दै जीर्ण देखिन थालेको छ । निर्माणाधीन अवस्थामा रहेको भवनभित्र र बाहिरको भागमा झार तथा बुट्यान पलाएको छ। भवनमा कालो लेउ लागेको छ भने निर्माण सामग्री यत्रतत्र छरिएको छ। विसं २०७३ पुसमा तत्कालीन सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय बागलुङसँग महादेव खिम्ती, गल्वा रफिना जेभीले रु १८ करोड ८४ लाख आठ हजार ८९ मा ठेक्का सम्झौता गरेको उक्त भवन सात वर्ष बितिसक्दा पनि निर्माण पूरा नहुँदा अलपत्र अवस्थामा रहेको हो। विसं २०७६ साल २० मङ्सिरभित्र निर्माण सम्पन्न गर्ने सम्झौता भएपनि योजना अलपत्र परेपछि अहिले चौतर्फी आलोचना र गुनासो बढेको छ। निर्माण सम्पन्न गर्नुपर्ने म्याद गुजारेको तीन वर्ष बितिसक्दा समेत अस्पतालको भवन निर्माण योजनाका काम करिब ६५ देखि ७० प्रतिशत मात्रै सकिएको अस्पताल विकास समितिका अध्यक्ष ज्ञानेन्द्र सुवेदीले बताए ३

## लुम्बिनी प्रदेश सम्बन्धित समाचार

कोभिड महामारीपछि बाँकेमा कडा खालको रुघाखोकी र भाइरलका बिरामी बढ्दै गएका छन्। कोभिडजस्तै लक्षण देखिने सो भाइरल निको हुन एक महिनासम्म लाग्ने गरेको चिकित्सकको भनाइ छ। जाडो सकिएर गर्मी सुरु हुन थालेसँगै बाँकेमा फैलिएको निकै कडा खालको फ्लु, रुघाखोकी, डायरिया र उच्च ज्वरोका बिरामी बढ्दै गएको

वरिष्ठ फिजिसियन डा. प्रकाश नागले बताउनुभयो। उहाँले केही दिनयता फैलिएको ज्वरो, रुघाखोकी, घाँटीको खसखसलगायत लक्षण भएका बिरामी आउने क्रम अत्यधिक बढेको बताउनुभयो।९

दाङको बङ्गलाचुली अस्पतालमा चिकित्सक अभाव रहेको छ। बङ्गलाचुली गाउँपालिकाका बासिन्दा यहाँ चिकित्सक नहुँदा उपचारका लागि घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान धाउन बाध्य छन्। त्यहाँ पुग्न झण्डै डेढ घण्टा हिँड्नुपर्ने हुन्छ। बङ्गलाचुलीमा १५ शय्याको अस्पतालन निर्माण गरि सञ्चालनमा ल्याइएको छ। तर चिकित्सक अभावले यहाँ बिबरामीले प्रभावकारीरुपमा सेवा पाउन सकेका छैनन। ३

जापानी नागरिक डा युका नाकामुराले थारू समुदायमा लाग्ने सिकलसेल एनिमिया रोगको अध्ययन गर्न थालेकी छन्। दाङ तुलसीपुरमै मधुमेह रोगबारे 'शोधपत्र' गरेर विद्यावारिधि पूरा गरेकी उनले सिकलसेलका बारेमा अनुसन्धान गर्न थालेकी हुन्। चार वर्षअघि तुलसीपुर आउँदा उनले थारू समुदायमा मात्रै लाग्ने सिकलसेल रोगबारे जानकारी पाएको जनाउँदै त्यसमा पनि आफूले अध्ययन गर्न थालेको बताइन्।३,६

## सुदूरपश्चिम प्रदेश सम्बन्धित समाचार

सेती प्रादेशिक अस्पतालमा उपचाररत एक युवतीको मृत्यु भएको छ। कैलालीको चुरे गाउँपालिका वडा नम्बर ३ की ३५ वर्षिया झरना थापा मगरको उपचारका क्रममा मृत्यु भएको हो। पाठेघरमा समस्या देखिएपछि चैत १ गते अस्पतालमा भर्ना भएकी उनको शुक्रबार मृत्यु भएको जनाइएको छ।शल्यक्रियाका क्रममा उनको मृत्यु भएपछि चिकित्सकको कमजोरीका कारण मृत्यु भएको आफन्तहरूले आरोप लगाएका छन्।३

धनगढीका औषधि पसलमा नियमविपरित औषधिका रुपमा खाद्यपुरक सामग्री बिक्री हुने गरेको फेला परेको छ। 'नट फर मेडिसिन युज' भनेर लेखिएको न्यूट्रास्युटिकल (खाद्यपुरक सामग्री) फार्मेसीमा औषधिका रूपमा खुलेआम बिक्रि हुने गरेको फेला परेको हो। औषधि व्यवस्था ऐन अन्तर्गत सञ्चालित फार्मेसी खाद्यपूरक सामाग्री बिक्रीका लागि कानुनसम्मत हुँदैनन्। खाद्य तथा गुण नियन्त्रण विभागबाट अनुमति लिएर आयात गरिएका आहारपुरक सामग्रीको सिफारिससमेत चिकित्सकले गर्न पाउँदैनन्। यसको सिफारिस गर्ने अधिकार पोषणविद्लाई मात्रै हुन्छ। तर चिकित्सकहरु नै यस्ता सामग्रीको खुलेआम सिफारिस गरिरहेका छन्। औषधि व्यवस्था विभागको कार्यालय नेपालगञ्जका दिपेन्द्रकुमार शाहका अनुसार धनगढी बजारमा रहेका फार्मेसीबाट ती सामाग्रीको व्यापार भइरहेको छ।३

अमरगढी नगरपालिका वडा नम्बर १० लाई पोषणमैत्री वडा घोषणा गरिएको छ। उक्त वडालाई शुक्रबार पोषणमैत्री वडा घोषणा गरिएको हो। जसलाई देशकै पहिलो वडा भनिएको छ। जिल्ला समन्वय समितिका प्रमुख गगनसिंह भण्डारीले वडा नम्बर १० का अध्यक्ष खेमराज भट्टलाई पोषणमैत्री वडा घोषणाको प्रमाणपत्र प्रदान गरे। स्थानीय तह कार्यान्वय निर्देशिका २०७८ कार्यान्वयन आएपछि वडालाई पोषणमैत्री घोषणा गरिएको बताइएको छ। ३

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धित समाचार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांक अनुसार नेपालमा सरकारी र निजी अस्पतालमा गरी हालसम्म २ हजार १८० जनाको प्रत्यारोपण भएको छ । विज्ञका अनुसार नेपालमा वार्षिक तीन हजार मिर्गौला बिरामी थपिन्छन् । हाल ३५ हजार हाराहारी मिर्गौला रोगी रहेको सरकारी अनुमान छ । जसमध्ये ६ हजार ५३४ जना हेमोडायलासिस र २२६ जना पेरिटोनियल डायलासिसको भरमा जीवन लम्ब्याइरहेका छन् । यो संख्या उपचारका लागि अस्पताल आउनेको मात्रै हो । कतिपय बिरामी स्वास्थ्य उपचारमा

पहुँच नपुग्दा र रोगसम्बन्धी चेतना अभावमा रोग पालेर बस्न र अस्पताल नै नदेखी मृत्युवरण गर्नसमेत बाध्य छन् । स्वास्थ्य सेवा विभागको तथ्यांक अनुसार हालसम्म १५ अस्पतालले मिर्गौला प्रत्यारोपणका लागि अनुमति पाएका छन् । सरकारी कार्यक्रम भित्र शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, त्रिवि शिक्षण अस्पताल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) र विराटनगरको नोबेल मेडिकल कलेज समावेश भएका छन् । १

१. अनलाईन खबर

२. नेपाल खबर

३. स्वास्थ्य खबर

४. हिमालयन टाइम्स

५. कान्तिपुर

६. नयाँ पत्रिका

७. अन्नपूर्ण पोस्ट

८. नागरिक

९. गोरखापत्र

**थप जानकारीको लागि सम्पर्क**

छिरिङ डोल्कर गुरुङ, विश्व स्वास्थ्य संगठन, नेपालस्थित कार्यालय

सञ्चार र सूचना अधिकृत, gurungt@who.int

**रेफेरेन्स कोड**: 20MARMM_180